# गण्डकी प्रदेश सभा

## दशौं अधिवेशन

## बैठक संख्या -२५

## सूचनापत्र — २

## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**मिति: २०८३ साल भाद्र ११ गते विहीबार**

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धिताल**को अध्यक्षतामा बिहान ११:१४ बजे प्रारम्भ भयो।

तत्पश्चात माननीय सभामुखले प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्रको बेहोरा पढेर सुनाउनुभयो |

तत्पश्चात विपक्षी दलको नेता तथा पूर्व मुख्यमन्त्री माननीय श्री खगराज अधिकारीले बिशेष समय लिई सभालाई सम्बोधन गर्नुभयो |

तत्पश्चात माननीय सभामुखले गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम ५६ बमोजिम मुख्यमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरका लागि निर्धारित कार्यक्रम अनुसार बैठकको अबको एक घण्टाको समय निर्धारण गरिएको बेहोरा जानकारी गराउनुभयो |

तत्पश्चात माननीय सभामुखले माननीय मुख्यमन्त्रीसँग प्रश्न गर्न चाहने माननीय सदस्यहरुबाट नियमावलीको नियम ५८ बमोजिम प्रश्नको विषयको लिखित जानकारी प्राप्त भैसकेको र नियमावलीको नियम ५६ को उपनियम ५ बमोजिम एक दिनको बैठकमा बढीमा दश जना सदस्यले मात्र प्रश्न सोधन सक्ने व्यवस्था भए बमोजिम माननीय सदस्यहरुले जानकारी गराउनुभएका प्रश्न/विषयको सूचनाको दर्ता क्रम अनुसार प्रश्नोत्तरको क्रम निर्धारण गरिएको बेहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनुभयो

तत्पश्चात माननीय सभामुखले मुख्यमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम प्रारम्भ गर्नुभयो | उक्त प्रश्नोत्तर कार्यक्रममा क्रमशः माननीय सुनिता थापा, माननीय बेद बहादुर गुरुङ, माननीय कुसुम बुढा पुन, माननीय देवका पहारी त्रिपाठी, माननीय हरि बहादुर भण्डारी, माननीय अशोककुमार श्रेष्ठ, माननीय महेश भट्टराई, माननीय रोशन गाहा थापा, माननीय महेन्द्रध्वज जी.सी.र माननीय दमयन्ती रुचालले प्रश्न सोध्नुभयो | माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले माननीयहरुले सोध्नुभएको प्रश्नहरुको रोष्ट्रमबाटै जवाफ दिनुभयो |

तत्पश्चात माननीय सभामुखले मुख्यमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरका लागि निर्धारित कार्यक्रम आजको लागि समाप्त भएको जानकारी गराउनुभयो |

तत्पश्चात माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले महालेखा परिक्षकको आठौं वार्षिक प्रतिवेदन, २०८३ सभा समक्ष प्रस्तुत गर्नुभयो|

तत्पश्चात माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेशको आर्थिक बर्ष २०८२/८३ को बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले महालेखा परीक्षकको वार्षिक प्रतिवेदन छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभयो । उक्त प्रस्तावलाई सभाले सर्वसम्मतिले स्वीकृत गर्यो |

तत्पश्चात माननीय सभामुखले मुख्य न्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभयो । उक्त प्रस्तावलाई सभाले सर्वसम्मतिले स्वीकृत गर्यो |

तत्पश्चात माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेको तर्फबाट उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका माननीय मन्त्री श्री नन्द प्रसाद न्यौपानेले सामाजिक विकास तथा कृषि समितिको प्रतिवेदन सहितको **"गण्डकी प्रदेशमा खाद्य अधिकार तथा खाद्य गुणस्तर सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफल गरियोस् भनी प्रस्ताव पेस गर्नुभयो | उक्त छलफलमा माननीय महेश भट्टराई, माननीय भक्त बहादुर कुँवर र माननीय सुशीला सिंखडाले भाग लिनुभयो |

तत्पश्चात माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको तर्फबाट उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका माननीय मन्त्री नन्द प्रसाद न्यौपानेले "गण्डकी प्रदेशमा खाद्य अधिकार तथा खाद्य गुणस्तर सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो |

तत्पश्चात माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको तर्फबाट उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका माननीय मन्त्री नन्द प्रसाद न्यौपानेले "गण्डकी प्रदेशमा खाद्य अधिकार तथा खाद्य गुणस्तर सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" **पारित गरियोस्** भनि प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्तावलाई माननीय सभामुखले सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा सभाबाट सर्वसम्मतिले पारित भयो |

तत्पश्चात माननीय सभामुखले अर्को सुचना भएपछी बस्ने गरी आजको बैठक दिनको **१:३२** बजे स्थगित गर्नुभयो।

.................

**(गोविन्द पौडेल)**

**प्रदेश सभा सचिव**